# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाघखोर नुवाकोट
## वागमती प्रदेश, नेपाल

प.सं. २०७७/७८
च.नं. १८८

मिति : २०७७/०५/१९

श्री सम्पूर्ण वडा कार्यालय
बेलकोटगढी नगरपालिका, नुवाकोट।

विषय : विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय नुवाकोटको प.सं. २०७७/७८ च.नं. ३९९ मिति २०७७/०५/१८ को प्राप्त पत्रानुसार मनसुनजन्य विपदबाट पूर्ण रुपमा क्षति भएका व्यक्तिगत आवासहरुको पुनर्निर्माण कार्य २०७२ सालको भूकम्प पीडितले पाए सरहको सुविधा प्रदान गरी सोहि विधि र प्रक्रिया बमोजिम शहरी विकास मन्त्रालयले गर्ने भनी निर्णय भएको हुँदा यस बर्षको मनसुनजन्य विपद्का घटनाबाट पूर्णरुपमा विस्थापित भई अर्को स्थानमा वस्ने आवास नभई स्थानान्तरण गर्नु पर्ने घरधुरीहरुको वडा स्तरमा वडा अध्यक्ष, स्थानीय प्रहरी, रेडक्रसको प्रतिनिधि र वडा सचिव समेतको सहभागितामा पछिसम्म फरक नपर्ने गरी यथार्थ विवरण संकलन गरी वडा विपद व्यवस्थापन समिति बाट समेत अनुमोदन गराई २ दिन भित्र तपशिलको ढांचामा उपलब्ध गराउनु हुन अनुरोध छ। पुनश्च श्री जिल्ला प्रशासन कार्यालयको च.नं. ३९९ मिति २०७७/०५/१८ र यस कार्यालयको च.नं. १०२ मिति २०७७/०४/१८ को पत्र समेत संलग्न छ।

२०७७/०५/१९

शिवराम अधिकारी
अधिकृत सातौं

तपशिल :

| सि.नं. | पूर्ण रुपमा घर क्षति भएका घरमुलीको नाम | ठेगाना | विपदको किसिम | सम्पर्क नं. | वडा विपद व्यवस्थापन समितिबाट अनुमोदन मिति | कै. |
|---|---|---|---|---|---|---|

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाघखोर नुवाकोट
## वागमती प्रदेश, नेपाल

प.सं. २०७७/७८
च .नं. १०२

*अत्यन्त जरुरी*

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

मिति : २०७७/०४/१८

श्री सम्पूर्ण वडा कार्यालय
बेलकोटगढी नगरपालिका, नुवाकोट।

विषय : पूर्ण क्षतिको विवरण पठाउनु हुन ।

उपरोक्त सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय, नुवाकोटको प.सं. २०७७/७८ च.नं. १५९ मिति २०७७/०४/१६ को प्राप्त पत्रसाथ संलग्न गृह मन्त्रालय (विपद अध्ययन जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा) को च.नं. ३१ मिति २०७७/०४/१४ को छायाँ प्रति अनुसार हालसालै सामना गरिरहन परेको मनसुनजन्य विपदको कारण घर (आवास) को पूर्ण क्षति भई नयाँ घर निर्माण गर्नु पर्ने अवस्थामा रहेको विवरणका साथै अन्य क्षतिको विवरण समेत तहाँ वडा अन्तर्गतको विपद व्यवस्थापन समिति मार्फत संकलन गरी यथाशिघ्र ३ (तिन दिन) भित्र यस नगरपालिका कार्यालयमा उपलब्ध गराउनु हुन अनुरोध छ।

(लेखनाथ पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट
(स्थानीय प्रशासन तथा शा.सु शाखा)

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३
इमेल :
nuwakotcdo@gmail.com
वेबसाइटः daonuwakot.moha.gov.np

पत्र संख्या : ०७७/७८ चलानी नं: ३९९ मितिः२०७७।०५।१८

**विषयः- विवरण उपलब्ध गराउने बारे।**

श्री स्थानीय तह सबै,नुवाकोट ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं.६१ मिति २०७७।०५।१८ पत्र मार्फत मनसुनजन्य विपदबाट भएको क्षतिको विवरण माग भई आएको छ।

सो सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको सातौं बैठकले गरेको निर्णय साथै विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड,२०७७ बमोजिम मनसुनका कारण पूर्ण रुपमा क्षति भएका व्यक्तिगत आवासहरुको पुनर्निर्माण कार्य २०७२ सालको भूकम्प पीडितले पाए सरहको सुविधा प्रदान गरी सोही विधि र प्रक्रिया बमोजिम शहरी विकास मन्त्रालयले गर्ने भनी निर्णय भए बमोजिम यस वर्षको मनसुनसँगै आएको बाढी, पहिरो, डुवान, कटान र पटान बाट हालसम्म तहाँ स्थानीय तह अन्तर्गतमा भएका मनसुनजन्य विपद्का घटनाबाट पूर्णरुपमा विस्थापित भई अर्को स्थानमा वस्ने आवास नभई स्थानान्तरण गर्नु पर्ने घरधुरीहरुको वडा स्तरमा वडा अध्यक्ष, स्थानीय प्रहरी , रेडक्रसको प्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत/ वडा सचिव समेतको सहभागितामा पछि सम्म फरक नपर्ने गरी यर्थाथ विवरण संकलन गरी सो को स्थानिय विपद व्यवस्थापन समितिबाट अनुमोदन गराई ४ दिन भित्र तपशिलको ढाँचामा Eccell file समेत उपलब्ध गराइदिनु हुन आदेशानुसार अनुरोध छ । पुनश्चः यस कार्यालयको च.नं.१५९ मिति २०७७।०४।१६ गतेको पत्र समेत संलग्न छ ।

तपिशल

| सि.नं. | पूर्णरुपमा घर क्षति भएका घरमूलिको नाम थर | ठेगाना | बिपदको किसिम | सम्पर्क नं. | स्थानीय विपद व्यवस्थापन समितिबाट अनुमोदन भएको मिति | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

०७७।०५।१८
(धर्मराज भट्ट)
प्रशासकीय अधिकृत

बोधार्थ तथा कार्यार्थः
श्री जिल्ला प्रहरी कार्यालय, नुवाकोट ।
श्री नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, नुवाकोट ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
# नुवाकोट

फोन: ०१०-५६००३३
०१०-५६०३३३
फ्याक्स -०१०५६०२६६
ईमेल:nuwakotcdo@gmail.com

पत्र संख्या : २०७७/०७८
चलानी नम्बर : १५८

मितिः२०७७०४।१६

**विषयः- पूर्ण क्षतिको विवरण संकलन गर्ने ।**

श्री स्थानीय तह सबै ,नुवाकोट ।

प्रस्तुत विषयमा गृह मन्त्रालय (विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा) को च.नं. ३१ मिति २०७७।०४।१४ पत्रको छाँया प्रति यसै पत्र साथ संलग्न छ । व्यहोरा सोहीबाट अबगत गरी आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

(धर्मराज भट्ट)
प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ :**
श्री जिल्ला प्रहरी कार्यालय, नुवाकोट ।
श्री नेपाल रेडक्रस सोसाईटी, नुवाकोट शाखा

फोन :९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
फ्याक्स :९७७-०१-४२११२८८
Email: bipad@moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

विपद अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा

नेपाल सरकार गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २१

मितिः २०७७।०४।१४

विषय : पूर्ण क्षतिको विवरण संकलन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

त्यस जिल्लामा मनसुनजन्य विपदको कारणले भएको घर (आवास) को पूर्ण क्षति भई नयाँ घर निर्माण गर्नुपर्ने अवस्थामा रहेको विवरण संकलन गर्न स्थानीय तहहरुसँग समन्वय गरी वडा स्तरमा वडा अध्यक्ष, स्थानीय प्रहरी, रेडक्रसको प्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत/वडा सचिव समेतको सहभागितामा वडामा भएको क्षतिको विवरण संकलन गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ । साथै यसरी संकलन भएको विवरणलाई स्थानीय विपद व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ला विपद व्यवस्थापन समितिमा पठाउने र जिल्ला विपद व्यवस्थापन समितिले स्थानीय तह अनुसार जिल्लाको समग्र घर (आवास) को पूर्ण क्षति भई नयाँ घर निर्माण गर्नुपर्ने अवस्थामा रहेको विवरण तयार गरी समितिबाट निर्णय गराई गृह मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

पूनश्च, विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ समेत अध्ययन गरी सोही बमोजिम हुन समेत अनुरोध छ ।

२०७७।४।१४

(शिव कार्की)
शाखा अधिकृत

श्री प्रशासन
स्थानीय तह, आवश्यक कार्यार्थ
सि.प्र.अ.२ लाई पठाउनेछ
पठाऔं
४।१६